☎०४१-४२५४४३

प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

ईमेल: mlacprovince2@gmail.com
वेबसाईट: molmac.p2.gov.np

प्रदेश नं. २, जनकपुरधाम
धनुषा, नेपाल।

पत्र संख्या :-
चलानी नं. :-

मिति:- २०७७/१०/२०

## वर्ड फ्लु रोग सम्बन्धी अत्यन्त जरुरी सूचना

बिगत केही महिनादेखि भारतका बिभिन्न राज्यहरुमा घरपालुवा तथा जंगली पन्छीहरुमा हाइली प्याथोजेनिक एभियन इन्फ्लुएन्जा (बर्ड फ्लु) रोगको संक्रमण देखिएको सन्दर्भमा बागमती प्रदेशको काठमाण्डौ जिल्ला, तारकेश्वर नगरपालिकाको वडा नं.७, साइलेखोला, फुटुङका स्थानीय कृषकहरुले पालन गर्दै आएका टर्की र हाँसबाट संकलित नमूनाहरु केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा परीक्षण गर्दा बर्ड फ्लु रोग (H5N8) पुष्टि भएको छ। नेपालमा यो रोग देखा परिसकेको तथा भारतसँगको खुला सिमानाले गर्दा रोग भित्रिन सक्ने सम्भावना कायम रहेकोले पछिल्लो परिवेशमा यस रोगको थप जोखिम बढेकोछ। नेपालमा वर्ड फ्लु रोग फैलिन नदिनको लागि उच्च सतर्कताका साथ रोगको सघन निगरानी बढाई आवश्यकता अनुसार रोग नियन्त्रण कार्यमा सहयोग, सहकार्य र समन्वयको लागि सम्पूर्ण सबैमा हार्दिक अनुरोध गर्दै निम्नानुसारका कुराहरुमा ध्यान दिनु हुन सम्पूर्ण सरोकारवाला निकायहरु, पन्छीजन्य व्यवसायीहरु र सम्बन्धित सरोकारवालाहरु एवं सर्व साधारणमा हार्दिक अपिल गर्दछौं।

- पन्छी तथा पन्छीजन्य उत्पादनको ओसार पसर गर्दा अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराई स्वस्थ पन्छी तथा पन्छीजन्य पदार्थको भेटेरिनरी प्रमाणपत्र लिएर मात्र ओसार पसार गर्नु/गराउनु हुन,
- आफ्नो फार्ममा जैविक सुरक्षाका उपायहरु अपनाउन हुन र आफुले पालेका हाँस, कुखुरा तथा अन्य पन्छीलाई जंगली तथा बाहिरी चराचुरुङ्गीहरुको सम्पर्कमा आउन नदिन व्यवस्था गर्नु हुन,
- संक्रमित पन्छी वा फार्मबाट रोग अन्यत्र फैलन नदिन मरेका पन्छी, पन्छीजन्य पदार्थहरु, सुली तथा प्वाँखहरु र सोसँग लसपस भएका दाना, सोत्तर तथा मललाई सुरक्षित तरिकाले नष्ट गर्नु हुन,
- संक्रमित फार्म वा क्षेत्रबाट पन्छी, पन्छीजन्य पदार्थ तथा उत्पादन सामग्रीहरु ओसार पसार नगर्नु हुन साथै खोर भाँडावर्तन तथा उपकरणहरु राम्ररी नि:संक्रमण गर्ने उपायहरु अपनाउनु हुन,
- सम्पूर्ण पन्छीपालक कृषकहरुले फार्म परिसर नियमित रुपमा नि:संक्रमण गर्न तथा व्यक्तिगत सरसफाईमा विशेष ध्यान दिनु हुन,
- टोल छिमेकमा कुखुरा तथा अन्य पन्छीहरु अस्वभाविक रुपमा मरेको देखिएमा वा कुनै पन्छीपालन फार्म वा बिक्रिस्थलमा अस्वाभाविक रुपमा पन्छी बिरामी परेमा, मरेमा साथै रोग सम्वन्धी प्राविधिक सर सल्लाहको लागि सम्वन्धित स्थानीय तहको पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय वा यस मन्त्रालय/मन्त्रालय अन्तर्गत रहेको पशुपन्छी विकास महाशाखामा अविलम्व सम्पर्क गर्नुहुन अनुरोध छ।
- वर्ड फ्लु रोग सम्वन्धी थप जानकारीको लागि यस मन्त्रालयको website: molmac.p2.gov.np मा हेर्नुहुन अनुरोध छ ।

..................

(डा. सम्झना कुमारी काफ्ले पाण्डे)
सचिव

डा.सम्झना कुमारी काफ्ले पाण्डे
सचिव

"स्वच्छ र सक्षम निजामती प्रशासन, समृद्धि र सुशासन"

Scanned with CamScanner